**अन्नपूर्ण गाउँपालिका,कास्की**

**दोश्रो चौमासिकमा सम्पादित कामहरुको प्रगति विवरण**

**आ.ब.२०७९/८०**

**बिभिन्न शाखा तथा वडा कार्यालयबाट सम्पादन भएका कार्यहरु**

**<u>प्रशासन शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

- गाउँपालिकाको समग्र क्षेत्रलाई समेट्ने खालको गाउँपालिकाको लोगो (छाप) सम्बन्धी प्रस्ताव माग गरी उपयुक्त लोगो छनौट गरी कार्यान्वयनमा ल्याइएको ।
- कृषि शाखामा कृषि स्नातक १ जना, कृषि स्वयम् सेवक १ जना र कृषि सहजकर्ता ८ जना, सामी परियोजनाका लागी रिटर्नी स्वयम्सेवक १ जना, रोजगार शाखाको लागि प्राविधिक सहायक १ जना गरी कुल १२ जना कर्मचारीहरु नियुक्ति गरि सम्बन्धित शाखामा कामकाजका लागि खटाइएको ।
- यस कार्यालय मातहतका कार्यालयमा कार्यरत ३ जना कर्मचारीहरुका लागि सरुवा सहमती दिइएको र अन्य कार्यालयबाट यस कार्यालयमा सरुवा भई आउनका लागि १ जनालाई सहमती दिइएको ।
- मिति २०७९/०८/१३ गते राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको
- मिति २०७९/१०/०५ गते करार सेवामा कार्यरत कर्मचारीहरुबीच छलफल कार्यक्रम संचालन गरिएको ।
- २०७९/१०/२६ गते यस गाउँपालिकामा कृयाशिल रहेका राजनैतिक दलका प्रमुखतथा प्रतिनिधिहरुसंग छलफल कार्यक्रम सम्पन्न गरिएको ।
- २०७९/११/२७ गते गाउँपालिका स्थापना दिवसको उपलक्ष्यमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री खगराज अधिकारीज्युको प्रमुख आतिथ्यतामा नव निर्वाचित जनप्रतिनिधि सम्मान तथा निवर्तमान जनप्रतिनिधिलाई विदाई कार्यक्रम सम्पन्न गरिएको ।
- यस गाउँपालिकाको स्वामित्वमा रहेका सवारी साधनहरुको विमा गरिएको ।
- प्रदेश निर्वाचन कार्यालय, गण्डकी प्रदेश पोखराको पत्रानुसार मतदाता नामावली अद्यावधिक कार्यक्रम, २०७९ का लागि सहजीकरण गरिएको ।
- विभिन्न कार्यालय तथा मन्त्रालयहरुमा वजेट माग, निशुल्क छात्र/छात्रावृत्ती र स्वास्थ्य उपचार गर्न सिफारिस गरिएको ।
- राजश्व सुधार योजना र क्षमता विकास योजना तयारीको चरणमा रहेको ।
- ८ पटक कार्यपालिका बैठक संचालन गरिएको ।
- २ पटक विधायन समितिको बैठक बसिएको ।
- **पारित कार्यविधिहरुः**
    - अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान, पर्यटन शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधी
    - निजी जग्गाबाट प्राकृतिक श्रोत साधनको उत्खनन,संकलन तथा बिक्रि वितरण ब्यबस्थित गर्ने सम्बन्धि कार्यविधि
    - सरसफाई तथा फोहोरमैला ब्यबस्थापन सम्बन्धि कार्यविधि
    - गै.स.स. समन्वय परिचालन तथा अनुगमन सम्बन्धी निर्देशीका
    - गाउँपालिका जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि

- महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम संचालन कार्यविधि

- **प्रशासन शाखाबाट नियमित हुने कार्यहरु जस्तैः**
    - विभिन्न मन्त्रालय तथा कार्यालयहरुबाट माग भई आएका विवरणहरु तयार गरी पठाईएको,
    - कर्मचारीलाई कामकाज तथा तालिममा खटाईएको,
    - कर्मचारीको जिम्मेवारी हेरफेर गरिएको,
    - कर्मचारीहरुसँग सम्बन्धित विवरण अद्यावधिक गरिएको,
    - सेवाग्राहीबाट माग भइ आए बमोजिमका विविध विषयका सिफारिस पत्रहरु तयार गरी सम्बन्धित मन्त्रालय/कार्यालयमा पठाईएको,
    - विविध सूचनाहरु प्रकाशन गरिएको,
    - माग भइ आए बमोजिम अनुमती प्रदान गरिएको,
    - अन्य नियमित कार्यहरु सम्पादन गरिएको ।

**सहकारी शाखाको प्रगती विवरण**

- सहकारी संस्थाहरुको नियमित नविकरण
- सहकारी संस्थाहरुको नियमित मासिक प्रतिवेदन पेश
- डिप्रोक्स नेपालको सहजिकरणमा  वित्तिय साक्षरता सम्वन्धी तालिम
- सहकारी संस्थाका व्यवस्थापकहरुलाई लेखा व्वस्थापन सम्वन्धी ५ दिने तालिम संचालन
- सहकारी संस्थाका सुपरिवेक्षक समितिका सदस्यहरुलाई २ दिने क्षमता अभिवृद्धि तालिम संचालन

**अध्यक्षज्यूको सचिबालयबाट सम्पादन भएका कार्यहरु**

- गाउँपालिकामा अध्यक्ष ज्यू संग भेटघाट तथा गुनासोको लागि आउने सेवाग्राहीलाई प्रतीक्षा कक्षको ब्यबस्था गरिएको
- सेवाग्राहीको काम/गुनासो/सुझाबको लागि पुस्तिकाको ब्यबस्था गरि भेटघाटको समय मिलाउने गरिएको
- अध्यक्षज्यू को अनुपस्थितिमा सेवाग्राहीको काम र कागजात लिई प्रकृया अघि बढाउने गरिएको
- अध्यक्षज्यूसंग आफ्ना गुनासोहरु राख्न छुट्टै कार्यकक्षको ब्यवस्था गरिएको ।
- अध्यक्षज्यूको दैनिक कार्यक्रमको जानकारीको लागि नोटिस बोर्डको ब्यवस्था गरिएको
- अध्यक्षज्यूको उपस्थिति वा अनुपस्थितिमा पनि सचिवालयका दैनिक कार्यहरु सूचारु रहने ब्यवस्था मिलाइएको
- हालसम्म गाउँपालिकासँग आर्थिक सहयोगको अपेक्षा राखेका ६५ गोटा व्यक्ति तथा संस्थहरुको माग निवेदन संकलन गरएको साथै विपतको प्रकृति हेरि कतिपयलाइ भुक्तानी दिइएको र बाकी भुक्तानीको क्रममा अगाडी बढाइएको ।
- सचिवालयमा प्राप्त पत्रहरु  दर्ता गरि सम्बन्धित शाखामा बुझाइएको  ।
- अध्यक्षज्यूसँग मंग्सिर देखि फाल्गुणसम्म ३३० जना  व्यक्ति तथा संस्थाले भेटघाट गरी आफ्नो समस्या /गुनासो प्रस्तुत गर्नुभएको साथै    समस्या समाधान समेत गरिएको ।
- सम्माननीय प्रधानम्रत्री ज्यू समक्ष  आगामी आ.ब २०८०/०८१ का लागी वडा नं १ देखि ११ सम्म समेटने गरि योजना मागको प्रक्रिया अगाडि बढाइएको ।

- मानननीय मुख्यमन्त्रीज्यू समक्ष आ.ब२०७९/८० को लागी वडा नं १ देखि ११ सम्म समेट्ने गरी योजना मागको प्रक्रिया अगाडि बढाईएको ।

<u>**आर्थिक प्रशासन शाखाबाट सम्पादन भएका कार्यहरु**</u>

| श्रोत | बार्षिक अनुमानित आय | वास्तविक आय |
|---|---|---|
| **संघीय सरकार** | **४३ करोड ६४ लाख** | **२६ करोड २ लाख ५० हजार** |
| समानीकरण अनुदान | ११ करोड १९ लाख | ५ करोड ७४ लाख ५० हजार |
| शसर्त अनुदान चालु | २५ करोड २४ लाख | १९ करोड १० लाख |
| शसर्त अनुदान पुँजीगत | १ करोड ६४ लाख | १ करोड १८ लाख |
| बिशेष अनुदान पुँजीगत | १ करोड ९७ लाख | ० |
| समपुरक अनुदान पुँजीगत | ३ करोड ६० लाख | ० |
| **प्रदेश** | **२ करोड ७६ लाख ६३ हजार** | **१ करोड ६९ लाख ९७ हजार** |
| समानीकरण अनुदान प्रदेश | १ करोड २६ लाख ६३ हजार | ९४ लाख ९७ हजार ५ सय |
| समपुरक अनुदान पुँजीगत | ५० लाख | २५ लाख |
| राजश्व बांडफांड प्रदेश | ६३ लाख ३४ हजार | ३९ लाख ६२ हजार |
| शसर्त अनुदान पुँजीगत | ५० लाख | २५ लाख |
| बिशेष अनुदान पुँजीगत | ५० लाख | २५ लाख |
| **राजश्व बांडफांड** | | |
| संघ+प्रदेश+आन्तरिक | ११ करोड ६८ लाख २६ हजार | ३ करोड ८८ लाख ६० हजार |

**खर्च प्रतिशत :**

| बजेट | विनियोजित | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ४१ करोड ९ लाख | १९ करोड ८ लाख | ४६.४३ |
| पुँजीगत | २६ करोड ३१ लाख | ३ करोड ३० लाख | १२.५२ |
| कुल | ६७ करोड ६१ लाख | २२ करोड ३७ लाख | ३३.१९ |

**बिषयगत क्षेत्र अनुसार**

| बिषयगत क्षेत्र | खर्च प्रतिशत |
|---|---|
| आर्थिक बिकास | १७.९६ |
| सामाजिक बिकास | ४५.०४ |
| पूर्वाधार बिकास | १२.४२ |
| शुसासन तथा अन्तर सम्बन्धित क्षेत्र | ४८.४६ |
| कार्यालय संचालन तथा प्रशासनिक | ३९.४७ |

- गत बिगत बर्षहरुको करिव १ करोड २६ लाख बेरुजु रकम यस बर्ष लेखापरीक्षण गर्ने क्रममा बिल भरपाइ तथा आवश्यक कागजातहरु पेश गरी सम्परीक्षण गरी बेरुजु फर्स्योट गरिएको
- गाउँपालिकालाइ बेरुजु शुन्य बनाउन सार्वजनिक लेखा समितिलाइ सकृय बनाइ सो बिषयमा ब्यापक छलफल गरी बित्तिय अनुशासन कायम गर्न कार्यबिधिको मस्यौदा निर्माणको अन्तिम क्रममा रहेको

**<u>राजश्व शाखा</u>**

- नयाँ दर्ता भएका वित्तीय संस्था,होटल रेष्टुरेन्ट,किराना पसल,कृषि फर्म तथा अन्य- १०८
- नविकरण भएका ब्यबसाय संख्या: ३९५
- ब्यबसाय दर्ता खारेजी संख्या-२
- घ वर्ग निर्माण ब्यबसायी इजाजत पत्र-३५

हाल सम्म संकलित राजश्व : १ करोड २८ लाख (गा.पा. तथा वडा कार्यालय मार्फत)

**<u>कृषि बिकास शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

- कृषि बिकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत किसान सूचीकरण एबम कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिकको लागि छनौट भएका गणकहरुलाई तालिम प्रदान गरिएको
- रैथाने बाली प्रवर्धन कार्यक्रम अन्तर्गत वडा नं. १० घान्द्रुकमा रैथाने बाली का परिकार तयारी सम्बन्धि तालिम संचालन गरी खाध्य परिकार प्रदर्शनी सम्पन्न
- कृषि जैविक बिबिधता संरक्षण अन्तर्गत राष्ट्रिय कृषि जैविक बिबिधता दिवस मनाइएको साथै अर्गानिक खाध्य मेला सम्पन्न गरिएको
- कृषकहरुको सुन्तला बगैंचा अनुगमन तथा रोग एबम किराको निराकरणको लागि परामर्श प्रदान गरिएको
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत वडा नं. ४ मा स्थापित पकेट अनुगमन गरिएको

**<u>पशु सेवा शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

| कार्यक्रम | लाभान्वित संख्या |
|---|---|
| पशु स्वास्थ्य सेवा/प्राथमिक उपचार | ६८९ |
| पशु उपचार सेवा (गोबर परिक्षण,नमूना संकलन,शब परिक्षण)<br>(मेडिकल/माइनर सर्जिकल/गाइनोकोलोजिकल सेवा ) | ३५०० |
| रेबिज तथा खोरेत बिरुद्ध खोप | २१४० |
| निशुल्क औषधी बितरण | ६३६ जना कृषक |

| | |
|---|---|
| पशु आहारा सेवा (हिउँदे घाँसको बिउ वितरण ५० प्रसिशत अनुदानमा ) | ६७०० के.जी. परिमाण |
| कृतिम गर्भाधान सेवा | १७९० |
| निशुल्क औषधी वितरण | ४३२५ पशु लाभान्वित |

- दुध उत्पादनको आधारमा प्रति लिटर १ रुपैयाँ अनुदान वितरणको सूचना प्रकाशन गरिएको, कुखुराको चल्ला खरिदमा २५ प्रतिशत अनुदानको सूचना प्रकाशन गरिएको
- भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कास्कीको पशुमा पुर्ण खोप कार्यक्रमको कार्यान्वयनको लागि सम्पूर्ण वडाहरुमा वडास्तरीय अन्तरकृया तथा साना ब्यवसायिक फर्म स्थापनाका लागि आवेदन गरेका २० वटा फर्महरुमध्ये ६ वटा फर्म छनौट भएका ।
- ग्रामिण उद्यम तथा आर्थिक बिकास आयोजना अन्तर्गत स्थानीय स्तर समन्वय समिति गठन गरिएको,पशु तथा कृषि सेवा केन्द्र भवन निर्माणको लागि वातावारनिय तथा सामाजिक मुल्यांकन एबम बिस्तृत परियोजना प्रतिबेदन प्राप्त भएको

**शिक्षा युवा तथा खेलकुद शाखाबाट सम्पादन भएका कार्यहरु**

- गाउँ शिक्षा समिति तथा वडा स्तरीय शिक्षा समिति गठन
- स्थायी शिक्षकहरुलाई पदस्थापन
- संख्या मा.बि.-३ नि.मा.बि.-४
- राष्ट्रपति रनिङ शिल्ड प्रतिगोगिता सम्पन्न (भलिबल छात्र,छात्रा,कबड्डी,दौड
- अध्यक्ष भलिबल प्रतियोगिता २०७९ सम्पन्न
- बिषयगत समिति गठन भई समितिको बैठक बसी शैक्षिक सुधारको लागि छलफल
- शिक्षा समितिको बैठक बसी बैज्ञानिक तबरबाट दरबन्दी मिलान
- बिद्यालय अनुगमन निरीक्षण
- स्थानीय तह स्तरीय परिक्षा समिति गठन
- कक्षा ५ र ८ को गाउँपालिका स्तरीय परिक्षा संचालन
- शिक्षण सहयोग अनुदान वितरण
- मासिक प्र.अ. बैठक बसी शैक्षिक छलफल
- बिद्यालयमा बिभिन्न शिर्षकमा रकम निकाशा
- बिद्यालयमा लेखा परीक्षक खटाउने कार्य सम्पन्न
- बिध्यालय ब्यबस्थापन समिति गठनमा सहभागी

**स्वास्थ्य सेवा शाखाबाट सम्पादन भएका कार्यहरु**

- आईएएनसिआइ (Onsite कोचिङ्ग) स्थलगत अनुशिक्षण र समता तथा पहुँच कार्यक्रम संचालन तथा औषधि खरिद

- पालिका स्तरीय पुर्ण कोप सुनिश्चिता र दिघोपनको लागी स्थानिय सुस्म योजना अधावाधिक/जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण
- स्वास्थ्यकर्मिहरुलाई आमा तथा नबजात शिशु सुरक्षा (ANC to PNC Contenium of care) कार्यक्रम संचालन
- आमा सुरक्षा र प्रजनन् स्वास्थ्य कार्यक्रमहरुको अनुगमन/मुल्यांकन
- परिवार योजना तथा प्रजनन् स्वास्थ्य कार्यक्रम/ सेटेलाइट किल्निक संचालन
- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागी आवश्यक निशुल्क औषधी खरिद तथा प्रत्येक स्वास्थ्य संस्थाहरुमा औषधि ढुवानी
- स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्डको अभिमुखीकरण, फलो अप तथा अनुगमन समिक्षा र सुद्रिधिकरण कार्यक्रम
- क्षयरोग कार्यक्रमको स्थानिय तह स्तरीय क्षयरोग कोहर्ट विश्लेषण तथा अर्धवार्षिक समिक्षा गोष्ठि संचालन
- पारिवारिक स्वास्थ्य सर्बेक्षण कार्यक्रम गरि हालसम्म ५०२१ घरधुरी बाट २२७१३ जनाको संख्या system मा entry गरिएको
- स्थानिय तहमा पोषण कार्यक्रमको समिक्षा तथा कार्यक्रमको योजना तयारी कार्यक्रम
- हाल सम्म कोरोना बिरुध्द कोभिडशिल्ड,भेरोशिल जोनसन र फाइजर खोप लागाउने लाभग्राही संख्या -४०८०१( डोज )
- नियमित खोप एबम राष्ट्रिय भिटामिन कार्यक्रम संचालन
- प्रत्येक हप्ताको शुक्रबार कोभिड बिरुद्दको भ्याक्सिन संचालन भईरहेको
- स्वास्थ्य बिमा कार्यक्रम संचालन गरि हाल सम्म ८ सय ३५ परिवारको बिमा गरिएको
- बिपन्न नागरिक औषधि उपचार सेवा नियमित भइरहेको
- स्वास्थ्य चौकी, आ.स्वा.के, सा.स्वा.ई बाट नियमित सेवा प्रवाह भइरहेको
- बिद्यालय स्वास्थ्य शिक्षा तथा बालबालिकाको स्वास्थ्य परिक्षण कार्यक्रम भईरहेको
- स्वास्थ्य चौकीमा आमा सुरक्षा कार्यक्रम अन्तर्गत ३२ जनाको सफल सुत्केरी सेवा लिएको
- पालिका / जिल्ला स्तरीय अर्ध-बार्षिक समिक्षा सम्पन्न गरिएको
- अन्य दैनिक तथा नियमित कार्येक्रम संचालन भईरहेको

**<u>सामाजिक सुरक्षा तथा पन्जिकरण शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

- आ.ब. २०७९/०८० को पहिलो र दोश्रो त्रैमासिकमा जम्मा ४८६० जना सामाजिक सुरक्षाका लाभग्राहीहरुलाई रु ८,४३,८२,४२२।- सामाजिक सुरक्षा भत्ता पायक पर्ने बैकमार्फत टोल टोलमा लगी उपलब्ध गराइएको
- सामाजिक सुरक्षा भत्ताको सहज वितरणको लागि वडाध्यक्ष र बैंक तथा वित्तीय संस्था बिच नियमित बैठक (साबिकमा दुईवटा बैंकबाट मात्र वितरण हुने गरेकोमा यस आ.ब. देखि ४ वटा बैंक मार्फत लाभग्राहीलाई पायक पर्ने गरी वितरणको ब्यबस्था मिलाइएको
- ११ वटै वडाबाट व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत सुरु गरिएको हाल सम्म दर्ता संख्या ११८६

- एम आइ एस अपरेटरको नेतृत्वमा फिल्ड सहायकहरु परिचालन गरी गाउँपालिकका ११ वटै वडाका टोल टोलमा गइ घटना दर्ता गर्ने र सामाजिक सुरक्षा भत्तामा पहुँच नपुगेका लाभग्राहीलाइ सिस्टममा समाबेश गर्नको लागि ४४ दिने घटना दर्ता तथा सामाजिक सुरक्षा शिविर संचालन गरिएको । शिविरबाट ८६० जना सहभागीलाइ सेवा प्रदान भएको र २८० वटा घटना दर्ता भएको ।
- मृगौला, मेरुदण्ड पक्षघात र क्यान्सरका ४६ जना दीर्घरोगीलाइ २०७९ श्रावण देखि पुषसम्मको मासिक रु ५०००।- का दरले रु १३,२०००।- उपचार खर्च बैकमार्फत लाभग्राहीको खातामा पठाइएको ।

**<u>योजना शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

- योजना ब्यबस्थापन प्रणाली सम्बन्धि तालिम प्रदान गरी वडा कार्यालयबाट समेत अनलाइनमा आधारित योजना ब्यबस्थापन प्रणालीको प्रयोग भईरहेको
- चालु आ व का जम्मा योजना संख्या :- २५१
- हालसम्म जम्मा सम्झौता भएका योजना संख्या – २१४
- हालसम्म जम्मा भुक्तानी भएका योजना संख्या- ९७ वटा (बाटो मर्मत तथा सफाइ सहित गरेर)
- विद्युतीय प्रणाली मार्फत बोलपत्र आह्वान भई मुल्यांकन सकिएर सम्झौता भइसकेका योजना संख्या – ५
- गाउँपालिकाबाट सम्झौता हुने योजनाहरुको वडा कार्यालयहरुमा नै शिविर संचालन गरी योजना सम्झौता गर्ने कार्यको शुरुवात गरिएको ।

**<u>सूचना प्रबिधि शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

- गाउँपालिका र वडा कार्यालयमा राजश्व ब्यबस्थापन प्रणाली र योजना अनुगमन एबम ब्यबस्थापन प्रणाली नियमित सुचारु गर्नको लागि गाउँपालिका तथा वडा कर्मचारीलाई नियमित प्राबिधिक सहयोग उपलब्ध गराएको
- गाउँपालिका तथा वडाका कर्मचारीलाई सूचना प्रबिधि एबम बिभिन्न प्रणाली प्रयोगमा क्षमता अभिवृद्धि गरेको
- गाउँपालिका,वडा कार्यालय र स्वास्थ्य संस्थामा नियमित इन्टरनेट सेवा प्रबाह एबम विस्तारको लागि प्राबिधिक सहयोग उपलब्ध गराएको
- ३७ आधारभूत बिद्यालयमा इन्टरनेट जडानको काम अन्तिम चरणमा पुगेको
- गाउँपालिकाको सूचना प्रबाहको लागि वेबसाइट एबम सामाजिक संजाल नियमित अध्यावधिक गरेको
- गाउँपालिकामा रहेका बिभिन्न प्रणाली,कम्प्युटर मर्मत एबम सुरक्षा संबेदनशिलतालाई अनुगन गरी सेवा प्रबाहलाई नियमित बनाउन पहल गरेको
- नव प्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गत पर्यटन मैत्री प्रबिधि मैत्री नमूना अन्नपूर्ण गाउँपालिका परियोजनाका बिभिन्न गतिबिधि अघि बढाएको

- समग्र गाउँपालिकाको कार्यसम्पादन मापन गर्ने संस्थागत क्षमता स्वमुल्यांकन (लिसा), वित्तीय जोखिम न्यूनीकरण जस्ता पोर्टलमा कागजात अध्यावधिक गरी नतिजा सार्वजनिक गरेको
- लिसा प्राप्तांक- ८४.७५ ,FRA प्राप्तांक -७० ,प्राकृतिक श्रोत तथा बित्त आयोग कार्य सम्पादन मुल्यांकन प्राप्तांक-६६.१४
- QR Code मार्फत राजश्व संकलनको ब्यबस्था मिलाइएको, Esewa,Connect IPS मार्फत घरमै बसेर अनलाइनबाटै ब्यबसाय मालपोत लगायतको  राजश्व भुक्तानी गर्न मिल्ने  गरी तयारी भईरहेको
- गाउँपालिकाको ICT Roadmap Development Plan निर्माण भईरहेको
- पर्यटक सूचना केन्द्र संचालन तथा ब्यबस्थापन कार्यविधि मस्यौदा तयार भईरहेको
- ११ वटै वडाका युवाहरुलाई ट्रेकिङ गाइड तालिम संचालन भईरहेको
- कार्यपालिका तथा गाउँसभाबाट पारित कानूनहरु राजपत्रमा प्रकाशित गरेको (दोश्रो चमासिक-४,यस आ.ब. मा कुल १४ वटा)
- अन्य नियमित सूचना प्रबिधि संग सम्बन्धित काम र प्राबिधिक सपोर्ट उपलब्ध गराइएको

**<u>महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

- अपांग परिचय पत्र वितरण संख्या-६१ जना ,जेष्ठ नागरिक परिचय पत्र वितरण संख्या -७९ (४४ महिला, ३५  पुरुष)
- करिब १०० जना पूर्ण अशक्त अपांगहरुलाई पोषण सामग्री वितरण
- गा.पा. भित्र रहेका बालगृह अनुगमन
- बालबालिकाको जन्मदर्ता अनलाइन मार्फत गर्नको लागि पहल
- ५७ जना अनाथ बिपन्न बलबालिकालाई शैक्षिक सामग्री वितरण
- लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान ,सचेतना कार्यक्रम
- अपांगता भएका व्यक्तिहरुको अनुगमन तथा परिचय पत्र वितरण
- अपांगहरुलाई सहायक सामग्री वितरण
- वडा स्तरीय अपांगताको कार्यक्रम संचालन
- मासिक रुपमा अपांग समन्वय समितिको बैठक संचालन एबम दैनिक रुपमा अपांगहरुको निबेदन संकलन

**<u>वातावरण, सरसफाई तथा विपद ब्यवस्थापन शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

राहत तथा उद्दार तर्फ

- बर्षात,चट्याङ,भूकम्प,आगलागी,बाढी पहिरोका कारण घर धन्सारमा क्षति पुगेका २१ जना घरधनीलाई राहत भुक्तानी गरिएको
- त्रिपाल ४२ थान वितरण गरिएको ।
- तारजाली ३६ थान वितरण गरिएको ।
- सिंचाई पाईप ६० मिटर वितरण गरिएको ।

- खानेपानी पाईप २५० मिटर वितरण गरिएको ।

  नेपाल प्रहरीलाई  चेन्सो मेसिन,रेनकोट,गमबुट,उद्धार डोरी,गैंची,बेल्चा  लगायतका राहत तथा उद्धार सामग्री हस्तान्तरण गरिएको

मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तर्फ

- १६ जना  लाभाग्राहीले निकासा प्राप्त गरेका
- गाउँपालिका अन्तर्गत कार्यरत सम्मपूर्ण प्राविधिकहरुका लागी मनसुनजन्य विपद प्रभावित निजी आवासहरुको सर्भे तथा पुनर्निर्माण सम्बन्धी १ दिवसिय क्षमता विकास कार्यक्रम सम्पन्न ।
- २०७८ साल देखी हालसम्म मनसुनजन्य विपदका कारण क्षति हुन पुगेका विभिन्न वडाहरुको करिब १५० घरधुरीको तथ्यांक संकलन भई प्रारम्भिक सर्भेको काम भैरहेको ।

**अन्य कार्यहरु**

- स्थानिय विपद ब्यवस्थापन समितिको बैठक ४ पटक बसेको ।
- वन, वातावरण तथा विपद ब्यवस्थापन विषयगत समितिको बैठक ४ पटक बसिएको ।
- अन्नपूर्ण आधार शिविरमा उडान भर्ने हेलिकप्टरसँग पर्यटन उडान शुल्क ब्यवस्थापन सम्बन्धि कार्य गर्ने गरि अन्नपूर्ण गाउँपालिका ११ स्थित रहेको सेन्चुरी युवा क्लवसँग द्धिपक्षिय सम्झौता सम्पन्न गरि कार्य थालनी भएको ।
- अन्नपूर्ण आधार शिविरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम सिम्रिक एयर प्रा.लि. सँग द्धिपक्षिय सम्झौता सम्पन्न गरि करको दायरामा ल्याईएको ।
- पालिका स्तरिय विपद ब्यवस्थापन सम्बन्धी २ दिवसीय तालिम सम्पन्न गरिएको ।
- खानेपानीका मुहान ४ वटा सुचिकरण र ३ वटा नयाँ दर्ता गरिएको ।
- फोहोरमैला ब्यवस्थापन पुर्वतयारी सम्बन्धी १ दिवसीय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- आवस्यकता अनुसार फिल्ड अनुगमन एवं प्रतिवेदनका नियमित कार्यहरु भैरहेको ।
- बजार अनुगमन सम्बन्धी कार्ययोजना २०७९/०८० तयार गरि लागु गरिएको ।

**न्यायिक समिति तर्फ**

दर्ता भएका जम्मा उजुरी/बिबाद- १७ वटा

निर्णय/मिलापत्र भई फछ्र्यौट भएका-७ वटा

उपल्लो निकायमा सिफारिस-२ वटा

फछ्र्यौट हुन बाँकी -८ वटा

- विवादको प्रकृति र अवस्था हेरी न्यायिक समिति स्थलगत रुपमा नै उपस्थित भई विवाद निरुपण एवं मेलमिलाप सम्बन्धी सेवा प्रदान गर्ने गरिएको ।

- सबै वडाहरुमा मेलमिलाप केन्द्र संचालनमा आई नसकेकोले विवाद निरुपण कार्यलाई बस्तुनिष्ठ र प्रभावकारी बनाउनका लागी वडा समितिसँगको समन्वय एवं राय प्रतिक्रिया अनुसार कार्य सम्पादन गर्ने गरिएको ।
- मेलमिलाप केन्द्र गठन सम्बन्धी कार्य सबै वडाहरुमा चालु आर्थिक बर्ष भित्रै सम्पन्न गर्ने गरि आवस्यक कार्य अगाडी बढाईएको ।

**<u>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सम्पादन भएका कार्यहरु</u>**

- वडा नं.२, ५, ६,७,८ र ९ मा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा जनप्रतिनिधि तथा सरोकारवालाहरुलाई अभिमुखिकरण गरिएको,
- वडा नं. २ ,३,४,५,७,र ९ का आयोजनाहरुको सम्पन्न भई सोको भक्तानी बेरोजगार व्यक्तिहरुको बैंक खाता मार्फत गरिएको,
- वडा नं. ४, ६,८र १० का आयोजनाहरु सम्पन्न भई भक्तानीको क्रममा रहेको
- वडा नं १,२ र ११ मा आयोजनाहरु सञ्चालन भई समापनको अन्तिम चरणमा रहेका,
- आ.व २०८०/०८१ का लागि सबै वडाहरु बाट बेरोजगार व्यक्तिहरुको निवेदन प्राप्त भई रोजगार व्यवस्थापन सूचना प्रणाली ( EMIS) मा प्रविष्टिको कार्य सञ्चालन भैरहेको ।

**<u>सुरक्षित आप्रवासन कार्यक्रम (सामी)परियोजना मार्फत सम्पादन भएका कार्यहरु</u>**

- मनोसामाजिक परामर्श सेवा- १३७ जना
- वित्तीय साक्षरता कक्षा संचालन-१०० जना
- सुरक्षित बैदेशिक रोजगार सम्बन्धि परामर्श-५२१ घरपरिवार
- अभिमुखीकरण-५४६ जना
- विदेशबाट उद्धार सहायता-३ जना
- मृतक आर्थिक सहायता उपलब्ध-३ परिवारलाइ रु २१ लाख
- आप्रवासी श्रोत केन्द्रमा समस्या सिफारिस-११ जना
- सुरक्षित आप्रवासन कार्यकम संचालन सम्बन्धि कार्यविधि २०७९ स्विकृत
- बैदेशिक रोजगारीमा रहेका ब्यक्तिहरुको तथ्यांक संकलन गरी प्रोफाइल निर्माण गर्न ११ वटै वडामा गणक नियुक्त गरी तथ्यांक संकलनको कार्य सम्पन्न भइ तथ्यांक विश्लेषणको कार्य भइरहेको
- २०७९ भाद्र महिनादेखि १ जना रिटर्नीको पद रिक्त रहेकोमा बिज्ञापन मार्फत पदपुर्ति गरी कामकाजमा लगाइएको

**<u>गरीबी निवारणका लागि लघु उद्यम कार्यक्रम ( मेड्पा )</u> बाट <u>सम्पादन भएका कार्यहरु</u>**

- लघु उद्यम बिकास कार्यक्रम संचालन गर्न वडा नं ९, १० र ११ लाइ वडा छनौट गरिएको
- लघु उद्यम बिकास सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको

- वडा नं. ९,१० र ११ मा लघु उद्यम बिकास सम्बन्धि सहभागितामुलक ग्रामिण लेखाजोखा ( पि आर ए ) कार्यक्रम सम्पन्न भएको
- लघु उद्यम बिकास कार्यक्रमको लागि घरधुरी सर्वेक्षण सम्पन्न भएको
- लघु उद्यम बिकास कार्यक्रमको लागि वडा नं. ९ र १० मा समुह गठन गर्ने कार्य सम्पन्न भएको
- अन्नपूर्ण गाउँपालिका वडा नं १० किम्चे किल्यु र उल्लेरीमा ८-८ दिने उद्यमशिलता बिकास तालिम सम्पन्न भएको

**<u>घर नक्सा तथा नापी शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

- हाल सम्म ३ वटा घरको नक्शापास
- १ घरको अभिलेखिकरण
- वडा नं. ४,५,६,७,८,९,१०,११ मा निस्सा वितरण र वडा नं. ५ मा नाम नक्साको कार्यको सुभारम्भ
- अन्नपूर्ण गाउँपालिका भित्रका सम्पूर्ण वडाको जग्गा वर्गिकरण सकिएको र कित्ताकाट खुलेको

**<u>वडा कार्यालयतर्फ (११ वटै) बाट सम्पादन भएका कार्यहरु</u>**

- वडामा नियमित बैठक बसी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाइएको ।
- योजना सम्झौता, राजश्व संकलन अनलाइन प्रणाली मार्फत गर्ने गरिएको
- राजश्व संकलनको काम नियमित हुने गरेको ।
- घटना दर्ता तथा सामाजिक सुरक्षासंग सम्बन्धित कामहरु नियमित हुने गरेको ।
- तथ्यांक संकलन, सूचना प्रवाहको काम नियमित हुने गरेको ।
- योजना कार्यान्वयनको लागि प्रभाबकारी रुपमा काम हुँदै आएको ।
- दैनिक प्रशासनिक काम प्रभाबकारी रुपमा संचालन गरि सेवा प्रवाह गरिएको ।

**आ.ब. २०७९/८० मा राजपत्रमा प्रकाशित कानूनको विवरण**

आ.ब. २०७९/८० मा पारित भई राजपत्रमा प्रकाशित कानूनहरु : १४ वटा
२ वटा प्रकाशनको चरणमा रहेका

- अन्नपूर्ण गा.पा. स्थानीय पाठ्यक्रम विकास निर्देशिका, २०७९
- अन्नपूर्ण बिव्यस गठन सम्बन्धि कार्यबिधि २०७९
- कुखुरा पालक कृषकलाई चल्ला खरिदमा अनुदान वितरण सम्बन्धि कार्यविधि
- दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहगोग ,
- नमूना फर्म निर्माणमा अनुदान वितरण सम्बन्धि कार्यविधि
- बालकोष संचालन कार्यविधि
- बिमा कार्यक्रम-कार्यविधि-२०७९
- विपद कोष कार्यविधि
- सुरक्षित आप्रवासन कार्यक्रम संचालन कार्यविधी__२०७९
- शिक्षा निमावलि २०७४ पहिलो सम्शोधन २०७९
- महिला शसक्तिकरण सम्बन्धि कार्यविधि २०७९
- गाउँपालिका जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७९
- गै स स परिचालन सम्बन्धि कार्यविधि २०७९
- अन्नपूर्ण आधार शिबिरमा हेलिकप्टर उडान पर्यटन शुल्क ब्यबस्थापन कार्यविधि २०७९
- निजी जग्गाबाट प्राकृतिक श्रोत साधनको उत्खनन,संकलन तथा बिक्रि वितरण ब्यबस्थित गर्ने सम्बन्धि कार्यविधि (राजपत्रमा प्रकाशित हुन बाँकी)
- सरसफाई तथा फोहोरमैला ब्यबस्थापन सम्बन्धि कार्यविधि (राजपत्रमा प्रकाशित हुन बाँकी)